दक्षिणकाली नगरपालिका घोषणा पछिको

**तेश्रो नगर परिषद**को निर्णय सार्वजनिकीकरण कार्यक्रममा

दक्षिणकाली नगरपालिकाका प्रमुख एवं कार्यकारी अधिकृतद्वारा प्रस्तुत

**आ.व. ०७४/०७५ को बजेट, नीति तथा कार्यक्रमको सार्वजनिकीकरण** सहितको मन्तव्य

मिति : २०७३/०९/२८ गते, विहिबार ।

**आदरणीय महानुभावहरू,**

यस दक्षिणकाली नगरपालिकाको आगामी आर्थिक वर्ष २०७४/०७५ को लागि तेश्रो नगर परिषदबाट पारित बजेट, नीति तथा कार्यक्रम उदघाटन एवं सार्वजनिकीकरण कार्यक्रममा हाम्रो आमन्त्रणलाई स्वीकार गरी पाल्नु हुने

**श्रद्धेय प्रमुख अतिथिः** व्यवस्थापिका संसदका माननीय सदस्य **राजेन्द्र कुमार के.सी. (राजन) ज्यू,**

**विशिष्ट अतिथिः** व्यवस्थापिका संसदका माननीय सदस्य **भिमसेनदास प्रधानज्यू,**

**विशिष्ट अतिथिः** व्यवस्थापिका संसदका माननीय सदस्य **रामवीर मानन्धरज्यू,**

**विशिष्ट अतिथिः** व्यवस्थापिका संसदका माननीय सदस्य **रुपा महर्जन ज्यू,**

**विशिष्ट अतिथिः** व्यवस्थापिका संसदका माननीय सदस्य **विनोद श्रेष्ठ ज्यू,**

**विशिष्ट अतिथिः** व्यवस्थापिका संसदका माननीय सदस्य **ईच्छाराम तामाङ ज्यू,**

**विशिष्ट अतिथिः** व्यवस्थापिका संसदका माननीय सदस्य **अष्टलक्ष्मी शाक्य (बोहरा) ज्यू,**

**विशिष्ट अतिथिः** व्यवस्थापिका संसदका माननीय सदस्य **प्रभादेवी बज्राचार्य ज्यू,**

**विशिष्ट अतिथिः** व्यवस्थापिका संसदका माननीय सदस्य **परशुराम तामाङ ज्यू,**

**विशिष्ट अतिथिः** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय सचिव, सहसचिव, उपसचिव **ज्यू,**

**विशिष्ट अतिथिः** श्रीमान प्रमुख जिल्ला अधिकारी **ज्यू,**

**विशिष्ट अतिथिः** काठमाडौं महानगरपालिकाका कार्यकारी अधिकृतज्यू,

**विशिष्ट अतिथिः** श्रीमान स्थानीय विकास अधिकारीज्यू,

**विशिष्ट अतिथिः** ईलाका प्रशासन कार्यालय प्रमुखज्यू,

जिल्ला स्तरीय राजनैतिक दलका प्रमुख एवं प्रतिनिधिज्यूहरु,

नगर स्तरीय राजनैतिक दलका प्रमुख एवं प्रतिनिधिज्यूहरु,

विषयगत कार्यालयका प्रमुख एवं प्रतिनिधिज्यूहरू,

विभिन्न संघ-संस्थाका प्रमुख एवं प्रतिनिधिज्यूहरू,

एकिकृत योजना तर्जुमा समितिका सदस्यज्यूहरु,

राजश्व परामर्श समितिका सदस्यज्यूहरु,

स्थानीय शान्ति समितिका संयोजकज्यू,

वडा नागरिक मञ्चका संयोजक तथा सदस्यज्यूहरु,

नागरिक सचेतना केन्द्रका संयोजक तथा सदस्यज्यूहरु,

नगरपालिकाका विकास साझेदारहरु,

विकास अभियान्ताहरु,

नागरिक समाज, समाजसेवी,

सुरक्षाकर्मी मित्रहरु

सम्पूर्ण संचारकर्मी मित्रहरु,

जेष्ठ नागरिक, समाजसेवी, बुद्धिजीवी लगायत आमन्त्रित अतिथिज्यूहरु,

मेरा सहकर्मी नगरपालिकाका कर्मचारी साथीहरु,

उपस्थित सम्पूर्ण नगरबासी दाजुभाई तथा दिदी बहिनीहरुमा

यस दक्षिणकाली नगरपालिकाको तश्रो नगर परिषदबाट पारित बजेट, नीति तथा कार्यक्रमको सार्वजनिकीकरण समारोहमा उपस्थित भई यस समारोहको गरिमा बढाई दिनु भएकोमा सम्पूर्ण महानुभावहरुप्रति हार्दिक स्वागत एवं सम्मान व्यक्त गर्न चाहन्छु ।

**त्यसै गरी यस पावन अवसरमा म राष्ट्र र जनताको लागि आफनो जीवन समर्पण गर्नुहुने ज्ञात अज्ञात वीर शहिदहरु तथा भूकम्पबाट मृत्यु हुने नगरवासीहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अपर्ण गर्दछु ।**

“**कृषि, वन, उद्योग, धार्मिक, पर्यटन सहित संस्कृति संरक्षणको सार, दक्षिणकाली नगरपालिकाको पहिचान, समृद्धि तथा विकासको आधार**” भन्ने नाराका साथ अगाडी बढेको यो नगरपालिका नेपालको मानचित्रमा काठमाडौं राजधानी शहरबाट करिब १८ कि.मी. दक्षिण भेगमा अवस्थित रहेकोछ । साक्षात शक्तिपिठ श्री दक्षिणकाली माताको नामबाट नगरपालिकाको नामाकरण गरिएको हो । साविकमा ६ वटा गा.वि.स. चाल्नाखेल, सेतिदेवी, शेषनारायण, दक्षिणकाली, टल्कु डुडेचौर र छैमलेलाई मिलाई दक्षिणकाली नगरपालिकाको रुपमा वि.सं. २०७१ मंसिर १६ गते नेपाल सरकार मन्त्री परिषदबाट ६१ वटा थप नगरपालिकाका घोषणा गर्ने क्रममा यो नगरपालिका घोषणा भएको हो ।

ऐतिहासिक, धार्मिक, साँस्कृतिक, पुरातात्विक, पर्यटकीय, व्यापारिक लगायत बहुसम्भावनायुक्त यस दक्षिणकाली नगरपालिकाको तेश्रो नगर परिषदको निर्णय, कार्यक्रम र नीतिहरु सार्वजनिक गर्न पाउँदा खुसी लागेको छ । नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०७१/०८/१६ को निर्णयानुसार गठित यस नगरपालिकाको स्थापनाको दोश्रो बसन्त पार गरीसक्दा विभिन्न आरोह अवरोहहरु पार गरिसकेको छ । मिति २०७२ साल बैशाख १२ गते र त्यसपछिका भूकम्पको कारण यस नगरपालिकाको क्षेत्र भित्र पनि ठूलो मात्रामा धनजनको क्षति हुन पुगेको परिस्थितिलाई मध्येनजर गरी यस नगरपालिकाको परिवर्तित परिस्थितिलाई समायाजन गर्ने गरी नीति तथा कार्यक्रम तयार गरिएको छ ।

विकास निश्चित अवस्थाबाट इच्छित अवस्थामा प्रवेश गर्ने दिशामा सकारात्मक परिणाम सहितको यात्रा हो र यसलाई मानविय विकासका निश्चित सूचकांकले पुष्टि गर्न सकेको अवस्था हुनु पर्दछ । यस दृष्टिकोणबाट हेर्दा यस नगरपालिकाले आफनो स्थापनाको दोश्रो वर्ष भित्रै पनि केहि सकारात्मक सुधार र विकासका कार्य गर्न शुरु गरेको देखिन्छ । विगतमा गाउँ विकास समितिहरुबाट सेवा प्रवाह गर्दाको संस्थागत प्रबन्ध र हालको प्रबन्धमा धेरै परिवर्तनको आभाष गराउन शुरु गरेको स्पष्ट देखिए पनि व्यवस्थित शहरी विकास र संस्थागत सुशासन कायम गराउन धेरै कार्यहरु गर्नु पर्ने र असंख्य चुनौतीहरुको सामना गरी अगाडी बढनु पर्ने तथ्य निर्विबाद छ । बिगतको दोश्रो नगर परिषदले लिएको कतिपय नीति तथा कार्यक्रमहरु विनाशकारी महाभूकम्पको कारण तथा देशमा उत्पन्न अन्य परिस्थितिका कारण समयमै गर्न नसकिरहेको यथार्थ हामी सामु विद्यमान छ । तथापी यस नगरपालिकासंग उपलब्ध श्रोत र साधनको अधिकतम सदुपयोग गरी पारित नीति तथा कार्यक्रम कार्यान्वयन गराउने तर्फ जिम्मेवार राजनीतिक दल, नागरिक समाज, सचेत नगरबासीहरुबाट प्राप्त सहयोग र समर्थनको यस अवसरमा स्वागत र सम्मान गनुपर्ने हुन्छ । “**हाम्रो नगर, राम्रो नगर**” को सोच हरेक नगरबासीहरुको अन्तरआत्माबाट प्रष्फुठित हुन सके र त्यो अनुसारको व्यवहार गर्न गराउन सकेमा यस नगरपालिकालाई केहि समयभित्रै उत्कृष्ट नगरपालिका बनाउन धेरै समय नलाग्ने तथ्य र सम्भावना तर्फ पनि हामीले ध्यान दिनु जरुरी देखिन्छ ।

**आदरणीय महानुभावहरु,**

जनताले आफ्नो आवश्यकतालाई सम्बाधन गर्ने योजनाहरु आफ्नो सहभागितामा छनौट गर्न सकुन भन्ने सहभागितामूलक योजना तर्जुमा प्रक्रियाको अवधारणा अनुरुप सबै वडाबासीहरुको व्यापक सहभागिता, वडा नागरिक मञ्चको पूर्ण सक्रियता लगायत विषयगत योजना तर्जुमा बैठक, एकिकृत योजना तर्जुमा समितिको बैठक, राजश्व परामर्श समितिको बैठक, विभिन्न सरोकारवालाहरुसंग अन्तरक्रिया छलफल र समन्वय गरी नगरपालिकाको बोर्ड बैठकबाट तयार पारिएको आगामी आर्थिक वर्ष २०७४/०७५ को वार्षिक नगर विकास योजनाको प्रस्तावित नीति तथा कार्यक्रम र बजेटको विवरण सहित यहाँहरु सामु उपस्थित भएको छु ।

स्थानीय निकायहरु सरकारका विषयगत कार्यालय मात्र नभएर जनताको सबैभन्दा नजिकको सरकार पनि हुन । निर्वाचित जनप्रतिनिधि विहिनताको जटिल एवं विषम परिस्थितिमा पनि दलिय प्रतिनिधिहरुसंगको समन्वयमा सिमित श्रोत साधनको अधिकतम परिचालन गरि बढदो शहरीकरणको व्यवस्थापन तथा जनतालाई आधारभूत शहरी सेवा-सुविधा उपलब्ध गराउने काममा कुनै किसिमको कमी कमजोरी हुन नदिन सिङगो नगरपालिका परिवार जिम्मेवार भई निरन्तर प्रयासरत रहेको कुरा यहाँहरु सबैमा अनुरोध गर्न चाहन्छु । साथै वर्तमान परिस्थितिमा समुदायमा आधारित वडा नागरिक मञ्च, टोल विकास संस्थाहरु, नागरिक समाज, नागरिक सचेतना केन्द्र, पेशागत संघ-संगठन लगायत अन्य संघ-संस्थाहरुले नगरपालिका र नगरबासीहरु विच एउटा विश्वासिलो सेतको रुपमा काम गरिरहेको छ । निर्वाचित जनप्रतिनिधिहरुको व्यवस्था हुन नसकेता पनि जनमुखी एवं जिम्मेवार राजनैतिक दलहरुको सहमति, समन्वय र सहयोगमा यस नगरपालिका अगाडी बढेको व्यहोरा निवेदन गर्न चाहन्छु ।

**आदरणीय महानुभावहरु,**

यस दक्षिणकाली नगरपालिकामा आर्थिक तथा सामाजिक विकासका प्रचुर सम्भावना हुँदाहुँदै पनि आन्तरिक श्रोत साधनको न्यूनताका कारण हाम्रो विकास प्रयास नेपाल सरकारको अनुदानमा नै पूर्ण निर्भर रहेको छ । नगरपालिकालाई प्राप्त सीमित श्रोत र साधनबाट नगरवासीका असीमित आवश्यकताहरु पुरा गर्न अवश्य निकै कठिनाई छ । यस नगर तथा आसपासका क्षेत्रहरुमा बढदै गई रहेको बसोबासले सडक, खानेपानी, विद्युत, शिक्षा, स्वास्थ्य जस्ता शहरी आधारभूत सेवा सुविधाको मागमा थप दवाब पर्न गएको र यसलाई सम्बोधन गर्ने सन्दर्भमा उत्पादन मूलक उद्योग, व्यापारका साथै सेवामूलक उद्योगहरुको द्रुत विकासको लागि नीतिगत सुधार, सम्पूर्ण व्यवस्थापकीय क्षमता विकास, विकास साझेदारहरुको पहिचान र उपयोग जस्ता विषयहरुमा परम्परागत ढंगबाट मात्र नभई दीर्घकालिन एवं रणनीतिक दृष्टिकोणबाट सोच्न र सोहि अनुसार अल्पकालिन, मध्यकालिन, दीर्घकालिन योजना सहित क्रमशः अगाडी बढनु पर्ने बेला आई सकेको तथ्य पनि यस समारोहमा अनुरोध गर्न चाहन्छु ।

**नीति, योजना, कार्यक्रम तथा बजेटको मार्गदर्शन :**

आर्थिक वर्ष २०७४/०७५ को प्रस्तावित उद्देश्य, नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा निम्न विषयलाई मार्गदर्शनको रुपमा लिईएको छ ।

1. सहस्राब्दि विकास लक्ष्यहरु (MDGs), दीगो विकास लक्ष्यहरु (SDGs),
2. चालु त्रिवर्षीय योजनाले निर्दिष्ट गरेको लक्ष्य र उद्देश्यहरु
3. संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको बजेट सिलिङ र मार्ग दर्शनहरु
4. स्थानीय स्वायत्त शासन ऐन र नियमावलीहरु
5. स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९
6. सहभागितात्मक र समावेशी योजना तर्जुमा प्रक्रियाद्वारा प्राथमिकता निर्धारण भई आएका योजना तथा कार्यक्रमहरु

7= मन्त्रालयसंग गरिएको कार्य सम्पादन सम्झौताले परिलक्षित गरको सूचकहरु

8= वडा नागरिक मञ्चबाट सिफारिस भई आएका कार्यक्रम तथा आयोजनाहरु

**आदरणीय प्रमुख अतिथिज्यू तथा उपस्थित महानुभावहरू,**

अव म आगामी आ.व. २०७४/०७५ को बजेट, नीति तथा कार्यक्रमका बारेमा संक्षिप्तमा उल्लेख गर्न चाहन्छु ।

## आगामी आ.व. ०७४/०७५ को लागि नगर स्तरीय प्रमुख नीतिहरूः

### सहरी पूर्वाधार तथा भौतिक संरचना विकास नीतिहरुः

- नेपाल सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय मार्फत परिचालन हुने जगेडा कोष, स्थानीय आयोजना, सडक बोर्ड नेपाल र अन्य निकाय समेतबाट प्राप्त हुने अनुदान रकम अन्तर्गत संचालन हुने कार्यक्रमहरुको कार्यान्विनमा तिव्रता ल्याउन वडा नागरिक मञ्च, टोल विकास संस्था र उपभोक्ता समितिहरुलाई सबल र सक्षम बनाउने कार्यक्रम संचालन गरिनेछ ।
- पूर्वाधार विकासका कार्यक्रममा उपभोक्ता समुह मार्फत गरिदा उपभोक्ताको सहभागिताले वास्तविक आवश्यकताको पहिचान हुने, योजना/आयोजनाको निर्माण लागत कम हुने, आर्थिक पारदर्शिता हुने, गुणस्तरीय काम हुने र निर्माण सम्पन्न पश्चात उपभोक्ताले अपनतत्व लिने हुनाले मर्मत सम्भार र पुनः संचालन सहज हुने अपेक्षा गरिएको छ ।
- विकास निर्माणका कार्यमा संलग्न स्थानीय टोल विकास संस्था र उपभोक्ता समितिले गरेका कार्यहरुको मूल्याङ्कन गरी सर्वोत्कृष्ट कार्य गर्नेलाई सम्मान गरिनेछ ।
- नगरपालिका क्षेत्र भित्र संचालन भएका तथा संचालन हुने योजना र कार्यक्रमको समग्र अनुगमन र सुपरिवेक्षण गर्नका लागि स्थानीय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ बमोजिम नगर स्तरीय अनुगमन तथा सुपरिवेक्षण समिति गठन गरी उक्त समितिलाई क्रियाशिल बनाईनेछ ।
- आगामी आर्थिक वर्ष २०७४/०७५ मा नगर यातायात गुरु योजना (MTMP) पूर्ण रुपमा तयार गरी कार्यान्वयनमा ल्याईनेछ ।
- नगरक्षेत्र भित्र प्रयोगमा रहेका सडकहरुको सार्वजनिक लगतकट्टा गर्ने कार्यलाई सम्बन्धित निकायको समन्वयात्मक अभियानको रुपमा निरन्तरता दिईनेछ । साथै खुल्ला सार्वजनिक जग्गा तथा स्थानको संरक्षण सम्बर्द्धन गरिनेछ ।
- नगरक्षेत्रको सडक संजालमा सबै नगरबासीहरुको पहुँच बढाउन आवश्यकता र औचित्यको आधारमा नयाँ सडकको निर्माण र भएका सडकहरुको स्तरोन्नती गरिनेछ । क्षेत्रगत कार्यक्रम र लक्षित वर्ग कार्यक्रममा गरिबी न्यूनिकरणका सूचकको आधारमा लागत सहभागिता नीतिमा समसामयिक परिमार्जन गरी समन्यायिक लागत सहभागिता नीति कार्यान्वयन गरिनेछ ।
- नगर स्तरीय योजना छनौट गर्दा दिर्घकालीन रुपमा प्रभावकारी हुने योजनालाई छनौट गरी कार्यान्वयन गर्ने नीति लिईएको छ । भौतिक पूर्वाधार विकास कार्यहरु जस्तै ढल, नाली, सडक पिच मर्मत एवं पुनः निर्माण, भवन, खानेपानी आदि कार्यको लागि योजना छनौट गर्दा जनसहभागिता बढी हुने क्षेत्रमा प्राथमिकता दिईने नीति अवलम्बन गरिनेछ ।
- नगरपालिका क्षेत्र भित्र व्यवस्थित बसोबासका लागि सहरी विकास मन्त्रालयसंग समन्वय गरी आवश्यक मापदण्ड बनाई कुनै एक स्थानमा Land Pooling कार्यक्रम संचालन गरिनेछ । नगरपालिका क्षेत्र भित्र जथाभावी जग्गा प्लटिङ गर्ने कार्यलाई पूर्ण रुपमा रोकिनेछ ।
- वातावरणीय प्रभाव, मूल्याङ्कन अध्ययन (EIA, IEE) गर्ने कार्यलाई जोड दिदै ठूला आयोजनाहरुको सम्भाव्यता अध्ययन गरी सामाजिक, आर्थिक र वातावरणीय दृष्टिकोणबाट सम्भाव्य आयोजनाहरुको कार्यान्वयनमा जोड दिईने छ ।
- आगामी आ.व.मा यस नगरपालिकाको समग्र विकासका लागि विस्तृत नगर विकास गुरु योजना निर्माण गरिनेछ ।

### राजश्व व्यवस्थापन सम्बन्धी नीतिहरुः

- दक्षिणकाली नगर स्तरीय राजश्व परामर्श समिति तथा राजश्व प्रक्षेपण सम्बन्धी सम्भाव्यता अध्ययन प्रतिवेदनमा उल्लेखित सुझाव एवं सिफारिसलाई नगरपालिकाको राजश्व नीतिको आधारको रुपमा अवलम्बन गरिनेछ ।
- दक्षिणकाली नगरपालिकालाई आर्थिक, सामाजिक र विकासको आधार मानी समग्रमा चार भागमा विभाजन गरी करका दररेटहरु निर्धारण गरी कार्यान्वयन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- नगरपालिकाको न्यून आन्तरिक श्रोतले गर्दा भौतिक पूर्वाधार विकास निर्माण तथा सेवा सुविधा प्रवाहमा हुने वित्तीय श्रातको कमिलाई पुरा गर्न संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, राष्ट्रिय योजना आयोग, दातृ निकाय जिल्ला विकास

समिति, विषयगत कार्यालय, संघ-संस्था, निजी क्षेत्र तथा नागरिक समाज लगायत सम्भाव्य सबै क्षेत्रको श्रोत साधनको अधिकतम परिचालन गर्न बिशेष पहल गरिनेछ ।

- नगरपालिकाको क्षेत्राधिकार भित्र रहेको आन्तरिक आयका श्रोतहरु पर्याप्त हुँदाहुँदै पनि साधन र श्रोतको पहिचान तथा समुचित उपयोग हुन नसकेको सन्दर्भलाई मध्यनगर गरी आगामी दिनहरुमा श्रोतको पहिचान र उचित व्यवस्थापन गरी नगरपालिकाको आन्तरिक श्रोत बृद्धि गर्दै लैजाने नीति अवलम्बन गरिनेछ ।

- नगरको राजश्वको प्रमुख श्रोतको रुपमा रहेको घरजग्गा नक्सा पास, व्यवसायीक कर, घरबहाल कर, लगायतका कार्य प्रारम्भ गरी राजश्व असुलीमा प्रभावकारिता ल्याईनेछ र एकिकृत सम्पत्ति कर व्यवस्थापन निर्देशिका, २०७३ तयार पारी आगामी आ.व. २०७४/०७५ देखि एकिकृत सम्पत्ति कर लागु गरिनेछ ।

- आन्तरिक श्रोतका कर, शुल्क, महशुल असुली व्यवस्थालाई प्रभावकारी बनाई नगर विकासको गतिलाई दिगो र भरपर्दो बनाउनको लागि राजश्व असुलीको योजनालाई निरन्तरता दिईनेछ । नगरपालिकालाई बुझाउनु पर्ने चालु आ.व.को कर, शुल्क, महशुल जस्ता करहरु समयमा नै बुझाउन प्रोत्साहित गरिनेछ । बक्याता बेरूजु एवं पेश्की फछ्र्यौट गर्ने कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गरी असुल उपर गर्नु पर्ने रकम कडाईका साथ असुल उपर गर्ने नीतिलाई थप प्रभावकारी बनाइनेछ ।

- बहाल कर अभिबृद्धिको लागि प्रभावकारी रुपमा कर संकलन अभियानलाई निरन्तरता दिईनेछ । यसका लागि आगामी आ.व. भित्र सबै खाले व्यवसायलाई करको दायरामा ल्याउने कार्यको शुरुवात भई सकेको छ । ठूला व्यवसायिक फर्म, शिक्षण संस्था, स्वास्थ्य संस्थाहरुले निर्माण गरेको भवनका नक्साहरु नियमित गर्न आवश्यक प्रक्रिया अवलम्बन गरिनेछ । लामो समयसम्म कर नतिरी धेरै बक्यौता कर रकम तिर्न बाँकी रहेका करदाताहरुलाई समयमा नै कर बुझाउन प्रोत्साहित गरिनेछ ।

- बेरूजुलाई निरुत्साहित गर्दै जाने क्रममा कुल स्वीकृत कार्यक्रम तथा बजेटको १ (एक प्रतिशत) भन्दा बढी रकम बेरूजु नबढने नेपाल सरकारको नीतिलाई सफलता प्रदान गर्न बिशेष पहल गरिनेछ ।

- आगामी आ.व. २०७४/०७५ मा नगरपालिकाको आन्तरिक आम्दानीमा कम्तीमा २५ प्रतिशतले बृद्धि हुने गरी कर संकलन कार्यलाई तिव्रता दिईनेछ ।

- भूकम्प पीडितको नाममा रहेको जग्गाको मालपोत कर दुई वर्ष मिनाहा गर्ने सरकारको नीतिलाई यस नगरपालिकाले पनि कार्यान्वयन गर्नेछ ।

**लक्षित वर्गसंग सम्वन्धित नीतिहरूः**

- बालबालिकाहरुलाई विद्यालयमा नियमित आउन उत्प्रेरित गर्न पिछडिएका क्षेत्रका प्राथमिक तहका विद्यालयहरुमा अभियान चलाईनेछ ।

- बालमैत्री स्थानीय शासनलाई अवलम्बन गरी कार्यान्वयनमा ल्याउन बालमैत्री स्थानीय शासन योजना निर्माण गरी सोहि बमोजिम कार्यक्रम संचालन गरिनेछ ।

- लक्षित तथा पिछडिएको क्षेत्र विकासको लागि स्थानीय सीप विकास तथा क्षमता विकास तथा संस्कृति संरक्षण र सामाजिक सम्मान जस्ता कार्यक्रम संचालन गरि विकासको मूल प्रवाहमा समाहित गरिनेछ ।

- नगर क्षेत्रमा कृषि तथा पशुपालन व्यवसायिकरण गर्न लक्षित समुदायमा सामाजिक परिचालनको माध्यमबाट दिगो व्यवस्थापनको सिद्धान्त अनुसार व्यवसायिक उत्पादनको पूर्वाधार विकासमा लगानी गरिनेछ ।

- महिलाहरुको हक अधिकार र नेतृत्व विकासका लागि तालिम, सीपमूलक ज्ञान, अध्ययन भ्रमण, अन्तरकृया, गोष्ठी लगायतका कार्यक्रम संचालन गरिनेछ । यस्ता कार्यक्रम संचालनका लागि महिला समूह तथा महिलासंग सम्बन्धित संघ-संस्थाहरुसंगको सहकार्य र साझेदारीमा जोड दिईनेछ ।

- महिला, बालबालिका, दलित, आदिवासी जनजाति, जेष्ठ नागरिक, मधेशी, मुस्लिम, अपाङ्गता भएका तथा पिछडिएका वर्गलाई सामाजिक परिचालनको माध्यमद्वारा सशक्तिकरण र आर्थिक विकासका कार्यक्रमहरू संचालन गरिनेछ साथै उक्त कार्यक्रम गैर-सरकारी संस्था, महिला समूह, आदिवासी जनजाति, दलित समुदायका समुह संस्थाहरुसंगको सहकार्यमा कार्यक्रम संचालनलाई निरन्तरता दिईनेछ ।

- महिलाका लागि विनियोजित हुने रकमबाट महिला साक्षार कक्षा, लोक सेवा तयारी कक्षा जस्ता कार्यक्रम संचालनमा प्राथमिकताका साथ संचालन गरिनेछ ।
- बालबालिका शिक्षा, स्वास्थ्य लगायतका बाल अधिकारका क्षेत्रमा विभिन्न शैक्षिक संघ-संस्था सामुदायिक संघ-संस्था तथा गैर-सरकारी संघ-संस्थासंगको सहकार्य र साझेदारीमा विभिन्न कार्यक्रम संचालन गरिनेछ ।
- बालबालिका लक्षित कार्यक्रहरुबाट गरिब तथा दलित विद्यार्थी, बालबालिकाहरुलाई छात्रबृत्ति, कम्प्युटर तालिम, पोशाक एवं शैक्षिक सामग्री उपलब्ध हुने गरि लगानी गरिनेछ ।
- नगरलाई बालमैत्री नगर बनाउन वालमैत्री स्थानीय शासन सम्वन्धी रणनीतिक योजना तयार गरि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, जिल्ला विकास समितिको कार्यालय, काठमाडौं तथा अन्य विकास साझेदारसँग समन्वय र साझेदारी गरी कार्यक्रम संचालन गरिनेछ ।
- नगरक्षेत्रभित्र रहेको अल्पसंख्यक समुदायको पहिचान गरी तिनको मूल प्रवाहीकरणका लागि आवश्यक कार्यक्रम तर्जुमा गरिनेछ ।
- लैंगिक विकासका लागि समानुपातिक व्यवहार, लैंगिक बजेट र सशक्तिकरण गरिने नीति अवलम्बन गरिनेछ ।

**शिक्षा र स्वास्थ्यसंग सम्वन्धित नीतिहरूः**

- यस नगरपालिकालाई पूर्ण साक्षर नगरपालिका घोषणा गर्ने तर्फ विभिन्न निकाय तथा संघ-संस्थाहरुसंग समन्वय गरी चालु आ.व.को आषाढ सम्ममा पूर्ण साक्षर नगरपालिका घोषणा गर्ने लक्ष्य लिईएको छ ।
- जन-स्वास्थ्यसँग सम्बन्धित प्रतिरोधात्मक, निदानात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक तथा निरोधात्मक स्वास्थ्य सवाहरु प्राथमिक स्वास्थ्य सेवाको सिद्धान्त अनुसार सञ्चालन गरिनेछ । सञ्चालनमा रहेका अत्यावश्यक स्वास्थ्य सेवालाई विस्तार गरी सहस्राव्दी विकास लक्ष्य प्राप्त गर्न योगदान पुर्‍याइनेछ ।
- सामुदायिक विद्यालयहरुको भौतिक पूर्वाधार विकास एवं शैक्षिक गुणस्तरमा सुधार ल्याउन यस आ.व.मा खानेपानी एवं सरसफाईको कार्य र भौतिक पूर्वाधारमा गरेको लगानीलाई आगामी आ.व.मा निरन्तरता दिईनेछ । साथै सार्वजनिक विद्यालयमा बालबालिका तथा महिलामैत्री शौचालयको निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।
- यस नगरपालिका क्षेत्र भित्र रहेको सार्वजनिक क्षेत्रका शैक्षिक संस्थाको शैक्षिक गुणस्तर, विद्यार्थी संख्या र भौतिक पूर्वाधार तथा आवश्यक जनशक्तिको आँकलन गरी नगरबासीको सहयोग र समन्वयबाट पूर्वाधारको विकास गरी गुणस्तरीय शिक्षा प्रदान गर्नमा विशेष कार्यक्रम र बजेटको व्यवस्था गरिनेछ ।
- यस नगरपालिका भित्र पर्ने सामुदायिक विद्यालय तथा क्याम्पसहरुको व्यवस्थापन सुधार, पूर्वाधार विकास र गुणस्तरीय शैक्षिक कार्यक्रममा जोड दिईनेछ ।
- स्वास्थ्य र सरसफाई सम्बन्धि जनचेतना अभिबृद्धि गरी HIV/AIDS, लागु पदार्थ तथा दुर्व्यसनी नियन्त्रण र तिनको हेरचाहको लागि विभिन्न स्वास्थ्य संस्थाहरुसंग सहयोग, समन्वय र साझेदारी गर्ने नीति अवलम्बन गरिने छ ।
- पाठेघर सम्बन्धी रोकथाम तथा जनचेतना कार्यक्रम, प्रजनन स्वास्थ्य सम्बन्धी जनचेतना, भिटामिन ए, पोलियो थोपा जस्ता कार्यक्रमहरु संचालनमा निरन्तरता दिईने छ ।
- नगरपालिका क्षेत्र भित्रका महिला स्वास्थ्य स्वयम सेविकाहरूका सीप, क्षमता तथा नेतृत्व विकासका लागि क्षमता अभिबृद्धि कार्यक्रमहरु संचालन गरिनेछ ।

**खानेपानी, ढल निकास तथा सरसफाईसंग सम्वन्धित नीतिहरूः**

- यस नगरपालिकालाई हरित नगरपालिकाको सोचका साथ अगाडी बढाउन सरोकारबालासंगको सहकार्यलाई अगाडी बढाईनेछ । खुल्ला दिशामुक्त नगरपालिका बनाउने कार्य हाल सुस्त देखिएकोमा यसलाई द्रुतगतिमा अगाडी बढाउन नगर स्तरीय सरसफाई तथा स्वच्छता समन्वय समिति M-WASH-CC लाई क्रियाशिल बनाईनेछ ।
- नगरपालिका क्षेत्र भित्रका पानीका श्रोतलाई एकिकृत गरी बृहत खानेपानी आयोजना संचालन गरी एक घर एक धारा अवधारणा अन्तर्गत स्वच्छ सफा पिउने पानी व्यवस्थापनको प्रयास गरिनेछ ।

- यस नगरपालिका क्षेत्र भित्र रहेको खोला नाला, सार्वजनिक स्थान, पार्कको स्वच्छता कायम राख्न स्थानीय सरोकारवालाहरुसंग समन्वय गरी कार्य गर्न सरोकारवाला निकाय, स्थानीय समुदाय र नगरपालिकाको बिचमा सम्झौता गरी काम अगाडी बढाईनेछ । बस्ती रहेको क्षेत्र भित्र अव्यवस्थित रुपमा बंगुरपालन गर्ने कार्यलाई निरुत्साहित गर्ने र हटाउने नीति लिईनेछ ।

- यस नगरपालिका भित्रको केहि क्षेत्रलाई पहिचान गरी वृक्षरोपण गर्ने कार्य अभियानको रुपमा अगाडी बढाईनेछ । यस नगरपालिका भित्र रहेका स्वास्थ्य चौकीको सुधार गर्दै शहरी स्वास्थ्य क्लिनिक स्थापना गर्ने कार्यलाई अगाडी बढाईनेछ । हाल भई रहेको स्वास्थ्य संस्थाहरुको वित्तीय उत्तरदायित्व अभिबृद्धि गर्दै लगिनेछ ।

- हाल नगरपालिका भित्र फोहोरमैलाको क्षेत्रमा काम गर्न ईच्छुक रहेका निजी क्षेत्रका संस्थाहरुलाई आवश्यक प्रतिस्पर्धात्मक तवरले सेवा प्रवाह गर्न जिम्मेवार तुल्याईनेछ । छिमेकी नगरपालिकाहरुसंगको सहकार्यमा छुट्टै ल्याण्डफिल साईडको निर्माण कार्यका लागि स्थान पहिचान गर्ने कार्य आगामी आ.व. भित्र गरिनेछ । शहरी स्वास्थ्यसगै जोडिएका व्यवस्थित पशु वधशाला, मासु बिक्रो केन्द्र, तरकारी हाट बजार जस्ता कार्यको लागि स्थान पहिचान गरी पूर्वाधार निर्माण गर्ने कार्य सरोकारवालाहरुसंगको सहकार्यमा अगाडी बढाईनेछ ।

- नगर क्षेत्रको फोहोरमैला व्यवस्थापनमा सुधार गर्न एकिकृत फोहोर व्यवस्थापन योजनामा टोल बस्ती संगठन समेतको सहकार्यमा फोहोरमैलाको दिगो व्यवस्थापन प्रक्रिया लागु गरिनेछ ।

- सडक क्षेत्रको आसपासमा हरियाली व्यवस्थापन गर्न स्थानीय उपभोक्ता समितिहरुलाई उत्प्रेरित गरिनेछ ।

- सन २०१७ सम्म देशलाई खुल्ला दिशामुक्त क्षेत्र घोषण गर्ने सरकारी लक्ष्य अनुरुप यस नगरपालिकालाई खुल्ला दिशामुक्त नगर घोषणा गर्न अभियानको रुपमा स्थानीय स्तरमा विशेष कार्यक्रम संचालन गरिनेछ ।

- वागमती नदो लगायतका नगर भित्रका स-साना नदीहरुको सरसफाईका लागि सम्वन्धित निकायसंग समन्वय गरी अभियानको रुपमा संचालनमा ल्याइएको नेपाल सरकारको सरसफाई कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

- मिति २०७२ बैशाख १२ र २९ गते गएको विनाशकारी भूकम्पबाट यस नगरपालिकाका विभिन्न स्थानमा पानीका मूल सुकी खानेपानीको समस्या भएको हुनाले उक्त स्थानहरुमा खानेपानी समस्या समाधानको लागि नगरपालिकाको आफनो श्रोत र खानेपानीसंग सम्बन्धित निकाय र संघ-संस्थासंग समन्वय गरी तत्काल आपूति व्यवस्था सहज बनाउन प्रयास गरिनेछ ।

- हाल के.यू.के.एलले यस नगरपालिका भित्र वितरण गरेको खानेपानीको मूल श्रात तथा जलाधार क्षेत्रमा रहेको पानीबाट के.यू.के.एलले प्राप्त गर्ने रकमबाट प्रभावित क्षेत्रमा खानेपानी वितरण गर्ने उसको जिम्मेवारी भएको हुँदा यस नगरको खानेपानी व्यवस्थित गर्न आवश्यक सहकार्यलाई अगाडी बढाईनेछ ।

- यस नगरपालिका भित्र खानेपानीलाई सबै नगरबासीको न्यूनतम आवश्यकता बमोजिम पुऱ्याउन हाल संचालनमा भएका खानेपानीका श्रोतहरुको व्यवस्थापन, वितरण, पाईपलाईनको मर्मत सुधार, वितरण प्रकृया र व्यवस्थापन सुधारलाई यसै आ.व. देखि विशेष जोड दिईनेछ ।

- बढदो शहरीकरण र बस्ती विकाससगै ढलको व्यवस्थापन यस नगरपालिका भित्रको मुख्य समस्याको रुपमा रहेको छ । यस क्रममा नगर क्षेत्र भित्रका सबै गाउँ, टोल र बस्तीमा क्रमिक रुपमा ढल निकासको कार्यक्रमलाई सहरी विकास मन्त्रालय र अन्तर्गतका निकाय मार्फत संचालनमा ल्याईनेछ र खानेपानी, ढल निकास र खुल्ला दिशामुक्त र सरसफाई सम्बन्धी जनचेतना मूलक विविध कार्यक्रम संचालन गरिनेछ ।

**कृषिसंग सम्वन्धित नीतिहरु** :

- निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायिक कृषितर्फ उन्मुख गर्दै व्यवसायिक कृषिलाई बजारको प्रतिस्पर्धी हुने र गुणस्तरोय उत्पादनका लागि कृषिका सबै सरोकारवालाहरु उत्पादक प्रशोधनकर्ता, व्यापारी समेतको माग र आवश्यकता अनुसार उपलब्ध स्रोतको आधारमा सहजीकरण गर्ने नीति लिइने छ ।

- कृषि पेशा नगरवासीहरुको प्रमुख पेशा मध्ये एक हो । जीविकोपार्जनका लागि परम्परादेखि गरिदै आएको धान, आलु, मकै, कोदो लगायतका खेति र पशुपालनमा ठूला संख्यामा नगरवासीहरु संलग्न छन । कृषिको आधुनिकीकरण र व्यवसायिकताले पूर्णता पाउन सकेको देखिदैन । यस सन्दर्भमा कृषिमा आधुनिकीकरण र विषादीरहित व्यवसायिक खेतिलाई प्राथमिकता दिईनेछ ।

- दीगो तथा समावेशी कृषि विकासको माध्यमबाट गरिवी न्यूनीकरणमा टेवा पुऱ्याउदै नगर भित्रका कृषियोग्य जमिनहरूमा वढदो जनघनत्व एवं आवास क्षेत्रहरू विस्तारित हुँदै गइरहेको अवस्थामा वचेको कृषियोग्य जमिनलाई संरक्षण गरी प्राङ्गारिक खेतीलाई प्रोत्साहन गर्दै उच्च मूल्य प्राप्त गर्ने खालका नगदे वाली उत्पादनमा कृषकलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।
- सिंचाईको विस्तार, कृषि उपजहरुको बजारमा पहुँच, उन्नत जातको वीउ विजन, मलको उपलब्धता, माटो परीक्षण र कृषि विमा जस्ता कार्यक्रम मार्फत व्यवसायिक कृषि प्रवद्धनमा जोड दिईनेछ । स्थानीय कृषकहरुको उत्पादन सहज विक्री वितरणका लागी केन्द्र, हाटबजार, चिस्यान केन्द्रहरु स्थापना गरिनेछ ।
- यस नगरपालिका हालसम्म उपत्यका भित्र रहेका नगरपालिका मध्ये सवभन्दा बढी कृषि उपज उत्पादन हुने कृषि योग्य जमिन भएको र नगरवासीहरुको आम्दानीको प्रमुख श्रोत कृषि उपजनै भएको हुँदा कृषिलाई आधारमानी विभिन्न कार्यक्रमहरु अगाडी ल्याईनेछ ।
- नगरको कृषि तथा पशु नीति बमोजिम एकिकृत पशु र कृषि सम्वन्धि कार्यक्रम संचालन गरी व्यवसायीक कृषि तथा पशुपालन कार्यकमलाई निरन्तरता दिईनेछ । पशु विमा कार्यक्रमका सम्बन्धमा कृषक र सम्बन्धित निकायसंग समन्वय गरी पशु विमा कार्यक्रम संचालन गरिनेछ ।
- सतह सिंचाइ, लघु सिंचाइ एवं वर्षाको पानी सङ्कलन गर्न लगानी तथा अन्य सुविधा वृद्धि गर्नुको साथै कृषि उत्पादन वृद्धिमा सहयोग पुऱ्याउन निश्चित अवधिका लागी विपन्न, एवं जोखिममा परेका कृषकहरु तथा त्यस्ता सेवा नपुगेका नगरक्षेत्रलाई लक्षित गरी एकीकृत कृषि उत्पादन आयोजना सञ्चालन गर्न प्राथमिकता दिइने छ । साथै साना सिंचाई आयोजनाहरुलाई विशेष प्राथमिकताका साथ अगाडि बढाउन पहल गरिने छ ।
- यस नगरपालिका भित्र एक तरकारी तथा फलफूल प्रशोधन केन्द्र र बजार व्यवस्थापन गरिनेछ ।

**सूचना प्रविधिसंग सम्वन्धित नीतिहरू:**

- नगरपालिका भित्रका स्थानीय पत्रपत्रिका तथा आम संचार माध्यमको संरक्षण र सम्वर्द्धनका लागि आवश्यक सहयोग गर्ने नीति अवलम्बन गरिनेछ । नगरपालिकाको विकासलाई सञ्चारसँग आवद्ध गरी पत्रकारिताका माध्यमवाट सुशासन एवं पारदर्शिता कायम गर्ने नीति लिइनेछ । विकास योजना एवं आर्थिक विकाससँग सरोकार राखी सूचनाहरु सम्प्रेषण गर्ने पत्रपत्रिकालाई प्रोत्साहन गर्ने नीतिलाई निरन्तरता दिइएको छ ।
- यस नगरपालिकाका प्रकाशनहरुलाई नियमित र व्यवस्थित गर्दै नगरपालिकाका सबै गतिविधिहरुबाट नगरवासीहरुलाई सु-सूचित गरिने र पारदर्शी बनाइनेछ । यस नगरपालिकाका सबै सूचनाहरु एवं जानकारीहरु यस नगरपालिकाको website : www.daxinkalimun.gov.np मा राख्ने व्यवस्था मिलाईएको छ । सुशासन तथा विद्युतीय सुशासन प्रणालीलाई प्रभावकारी कार्यान्वयनमा ल्याइनेछ ।
- हरेक वडाहरुमा अनिवार्य Internet को प्रयोग गर्ने व्यवस्था मिलाईएको छ नियमित रुपमा जिल्ला विकास समितिको कार्यालय, काठमाडौं र मन्त्रालयमा पठाउनु पर्ने प्रतिवेदनहरू web base reporting गर्ने व्यवस्थालाई प्रभावकारी बनाईनेछ ।
- सामाजिक सुरक्षा कार्यक्रमलाई व्यवस्थित गर्नका लागि बैंकिङ्ग प्रणालीवाट भत्ता वितरण गर्ने, website मार्फत भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण सार्वजनिक गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- व्यक्तिगत घटना दर्ता कार्यलाई वैज्ञानिक एवं प्रभावकारी वनाउन सवै वडा कार्यालयहरुमा सफटवेयरमार्फत अनलाईन घटना दर्ता गर्ने कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिएको छ ।
- वित्तीय व्यवस्थापनसंग सम्बन्धित योजना तर्जुमा कार्यान्वयन तथा अनुगमन, मूल्याङ्कन सम्बन्धि सम्पूर्ण सूचना तथा तथ्याङ्कलाई नगरपालिका सूचना प्रणाली (Municipality Informational System) मा आवद्ध गरी प्रभावकारी बनाईनेछ ।

**वातावरण तथा विपद् व्यवस्थापन सम्वन्धित नीतिहरू:**

- मिति २०७२/०१/१२ गतेको विनाशकारी महाभूकम्प र त्यसपछिका पराकम्पनहरुमा यस नगरपालिका भित्र पनि मानविय तथा भौतिक क्षति भएको छ । यसको लागि भूकम्प प्रविधी राष्ट्रिय समाजसंगको सहकार्यमा भएको विस्तृत क्षति अनुमान विवरणको आधारमा पुन:स्थापना तथा पुननिर्माणका कार्यलाई मूलप्रवाहीकरण गर्दै लगिनेछ । यसका लागि नेपाल सरकारबाट गठित राष्ट्रिय पुनर्निर्माण प्राधिकरणसंग सहकार्य गरी काम अगाडी बढाईनेछ । विपद व्यवस्थापन कोष खडा

गरिएकोछ । यस कोषबाट तत्काल विपदको सामना गर्न आवश्यक साम्रगी खरिद गर्ने कार्य गरिनेछ । समुदायमा आधारित विपद व्यवस्थापन कार्य मात्र प्रभावकारी हुन सक्छ भन्ने हाम्रो विगतको सिकाईलाई समेत मध्येनजर गर्दै प्रत्येक वडामा स्थानीय समुदायको सहभागितामा स्थानीय निकायमा क्रियाशिल राजनीतिक दल तथा सरोकारवाला समेत रहेको वडा/समुदाय स्तरीय विपद व्यवस्थापन समिति गठन गरी क्रियाशिल बनाईनेछ । यसका लागि वडा नागरिक मञ्चका संयोजक तथा सदस्यहरुलाई थप जिम्मेवार बनाईनेछ ।

- भूकम्प पीडितहरुको घरधुरी सर्वेक्षण गर्ने क्रममा सर्वेक्षण भई लाभग्राहीहरुको सूचिमा नपरेका भूकम्प पीडितहरुको पूनः सर्वेक्षण हुनाका लागी र यस नगरपालिकाको कार्यालयमा गुनासो दर्ता हुन आएका पीडितहरुको नाम समावेश गर्न सम्बन्धित निकायमा पहल गर्ने प्रक्रिया अगाडि बढाईनेछ ।

- फोहोरमैलाको उत्पादनमा कमी (Reduce), प्रशोधन (Recycle), पुनः प्रयोग (Reuse) लगायतका कार्यहरुलाई टोल र वडा देखिनै प्रोत्साहित गरी बैज्ञानिक र व्यवस्थित फोहोरमैला संकलन र व्यवस्थापनको कार्यलाई अगाडी बढाईनेछ । यस कार्यमा टोल सुधार समिति, क्लब, युवा समुह लगायत सामाजिक संघ-संस्थाको सहभागिता र सकृयतालाई प्रोत्साहित गरिनेछ ।

- कुहिने तथा नकुहिने फोहोर व्यवस्थापनका लागि Land field Site को व्यवस्था गरिनेछ । प्लाष्टिक झोला प्रयोगलाई निरुत्साहित गरिनेछ ।

- माटो, ढुंगा, वालुवा र गिट्टी जस्ता खनिजजन्य तथा प्रकृतिजन्य उद्योग संचालनका लागि उद्योगको आकार प्रकार हेरी प्रारम्भिक वातावरणीय परीक्षण (IEE), वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अनिवार्य गरिनेछ ।

- भूकम्प, बाढी, पहिरो तथा आगलागी जस्ता विपदहरु न्यूनिकरण तथा तिनबाट हुन सक्ने जनधनको क्षतिबाट बचाउन नागरिक सचेतनाका कार्यक्रम संचालन गरिनुका साथै दमकल, एम्बुलेन्स लगायत अन्य उपकरण प्रयोगका लागि काठमाडौं महानगरपालिका एवं अन्य नगरपालिकासंग सहकार्य गरिनेछ ।

- विपद व्यवस्थापन कोष खडा भई सकेकोमा चालु आ.व. २०७३/०७४ मा केहि रकम विनियोजन गरिएको छ भने आगामी आ.व.हरुमा समेत सो कोषमा रकम बृद्धि गर्दै लगिनेछ ।

- विपद व्यवस्थापन सम्बन्धी कामलाई व्यवस्थित रुपले संचालन गर्नका लागी नगर स्तरीय विपद व्यवस्थापन समिति गठन गरि क्रियाशिल बनाउने र नगरपालिका क्षेत्र भित्रका फर्पिङ बसपार्क चौर र पञ्जल गणेश चौरलाई खुल्ला क्षेत्र घोषणा गरी सकेकोमा आगामी आ.व.मा समेत थप खुल्ला क्षेत्रको पहिचान गरी घोषणा गरिनेछ ।

- वायो ग्याँस, सुधारिएको चुलो, लगायतका बैकल्पिक उर्जाहरु सौर्य उर्जाको मार्फत हाम्रो नगर उज्यालो नगर कार्यक्रम संचालनमा ल्याईनेछ । यस कार्यक्रम संचालनको लागि बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र, राष्ट्रिय अन्तर्राष्ट्रिय संघ-संस्थाहरुसंगको सहयोग र सहकार्यमा जोड दिईनेछ र वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रसँग समन्वय गरी सडक सौर्य बत्ति जडान कार्य चालु आ.ब. भित्रै गरिनेछ ।

- नेपाल सरकारले तयार गरी लागु गरेको वातावरणमैत्री स्थानीय शासनको प्रारुप अनुसार यस नगरपालिकाले चाल आ.व.देखी नै कार्य आरम्भ गर्नेछ र यस प्रारुपलाई नगरपालिकाले मूल नीतिको रुपमा लिई सम्बन्धित कार्यक्रम सञ्चालन गर्ने छ ।

- वातावरण व्यवस्थापनको लागि संस्थागत विकास गर्ने विभिन्न निकायहरुको भूमिका र जिम्मेवारीमा स्पष्टता ल्याई पूर्वाधार विकास कार्यलाई वातावरण मैत्री बनाइनेछ ।

- प्राकृतिक वातावरणको संरक्षण, पुनः स्थापना र दिगो उपयोगमा जोड दिँदै पानी, वायु तथा ध्वनी प्रदुषण न्यूनीकरणका उपायहरु अवलम्वन गरिनेछ ।

- वातावरण संरक्षण ऐन, २०५३ नियमावली, २०५४ ले वातावरण संरक्षण सम्बन्धि विभिन्न व्यवस्थाहरु गरेको र वातावरण निर्देशिका, २०६१ अनुसार वातावरण संरक्षण कार्यक्रम तर्जुमा गरि लागु गरिनेछ ।

**संगठनात्मक सुशासन, प्रशासनीक व्यवस्थापन तथा विकास नीतिः**

- यस नगरपालिकामा विगत गाउँ विकास समितिमा कार्यरत कर्मचारीहरुबाट तत स्थानमा संयुक्त वडा कार्यालयहरु स्थापना भई कार्य संचालन भई रहेको छ । नगरपालिकाको कार्य संचालनको लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट प्राप्त प्रस्तावित दरवन्दी संख्या एकदमै न्यून छ । निकट भविष्यमा सबै वडाहरुमा वडा कार्यालय स्थापना

गरी कार्य संचालन गर्नुपर्ने जरुरी अहिले नै महशुस भई सकेको छ । रिक्त दरवन्दीहरुमा स्थायी पदपूर्तिको प्रकृया अगाडी बढाउन पदपूर्ति समितिलाई अनुरोध गरिनेछ । यस पश्चात सबै वडा कार्यालयहरुबाट प्रभावकारी सेवा प्रवाह हुने र संस्थागत सुशासन र सवा प्रवाहमा सरलीकरण हुने अपेक्षा गरिएको छ । सबै कर्मचारीहरुलाई कार्य विवरण उपलब्ध गराउने कार्यको शुरुवात गरि सकिएको छ । यसलाई निरन्तरता दिईनेछ । स्थायी पदपूर्ति हुन नसक्ने दरवन्दीहरुमा मात्र नियमानुसार करार सेवामा लिई कामकाजमा लगाईनेछ । सबै कर्मचारीहरुको व्यवस्थित व्यक्तिगत सूचना प्रणाली तयार गरिनेछ ।

- सरल, सहज र मितव्ययिता तवरले सेवा पाउने नगरबासीहरुको अधिकार र त्यसरी सेवा गर्नुपर्ने नगरपालिकाको दायित्व भएको कुरालाई आत्मसाथ गर्दै सेवा प्रवाहमा पारदर्शिता अभिबृद्धि गर्न नगरपालिका कार्यालय तथा सवै संयुक्त वडा कार्यालयहरुमा नागरिक वडापत्रको व्यवस्था गरी सकिएको हुँदा यसलाई क्रमश क्षतिपूर्ति सहितको अवधारणामा अगाडी बढाईनेछ । यसका लागि नगरपालिका कार्यालयमा श्रव्यदृश्य सहितको नागरिक वडापत्र कार्यान्वयनमा ल्याईनेछ ।

- सबै वडा कार्यालयहरुको राजश्व तथा आर्थिक कारोबारसंग ईन्टरलिंक गरिनेछ । नागरिकको सूचनाको हकलाई प्रभावकारी बनाउन आवश्यक व्यवस्था गरिनेछ । सबै योजना तथा कार्यक्रमको सामाजिक परिक्षण, सार्वजनिक परिक्षण र तोकिएको समयमा नै सार्वजनिक सुनुवाई गरिनेछ ।

- नगरपालिकामा कार्यरत कर्मचारीहरुको क्षमता विकासका लागि विभिन्न सेवाकालिन तालिमहरु संचालन गरिनेछ । राम्रो कार्य सम्पादन भएका स्वदेशकै अन्य नगरपालिकाहरुसंग अन्तरक्रिया र अवलोकन भ्रमण गराई थप क्षमता विकासको लागि प्रयास गरिनेछ । कर्मचारी कल्याण कोषलाई व्यवस्थित गराउन यसमा जम्मा गर्नुपर्ने साल वसाली रकम जम्मा गरिनेछ र कर्मचारी कल्याण कोष संचालन कार्यविधि बनाई परिषदबाट पारित गरिनेछ । कार्यरत कर्मचारीहरुको आचार संहिता तयार गरी लागु गरिने र दण्ड पुरस्कार सम्बन्धी व्यवस्थालाई प्रभावकारी रुपमा लागु गरिनेछ ।

- स्थानीय निकायमा १०, १५ र २० वर्ष सेवा गरेका कर्मचारीहरुलाई सम्मान-पत्र प्रदान गरिनेछ ।

- नगरपालिकाका सबै वडा कार्यालयहरु व्यवस्थित रुपमा संचालनका लागि वडा कार्यालय संचालन कार्यविधि तयार गरिनेछ ।

- नगरपालिकाको आन्तरिक प्रशासन चुस्त र दुरुस्त कायम गर्न सके मात्र नगरवासीलाई छिटो, छरितो, सरल र प्रभावकारी ढंगले सेवा सुविधा उपलब्ध गराउन सकिने भएकाले तत्काल यस नगरपालिकामा स्वीकृत दरवन्दी अनुरुप पदपूर्ति प्रकृया अगाडी बढाईनेछ ।

- नगरपालिकामा कार्यरत कर्मचारीहरुको ज्ञान, सीप र क्षमता अभिबृद्धिका लागि क्षमता विकास सम्बन्धि कार्यक्रमहरु संचालन गरिनेछ ।

- नगरवासीहरुको आवश्यकता अनुसार सेवा सुविधा प्रवाहका लागि विकेन्द्रीकरणको सिद्धान्त अनुसार हाल ६ स्थानको संयुक्त वडा कार्यालयबाट सेवा प्रवाह गरिदै आएकोमा यसलाई अझ व्यवस्थित र प्रभावकारी बनाईनेछ ।

- यस नगरपालिकाको नयाँ भवन निर्माणका लागि नगरपालिका भित्रको उपयुक्त जग्गा छनौट गरी भवन निर्माण कार्यलाई अगाडी बढाईनेछ ।

- नगरभित्र संचालन गरिने विकास एवं प्रशासनीक कार्यमा सदाचार र सुशासनलाई जोड दिदै वडा सचिवहरुलाई आ-आफनो कर्तव्य प्रति जिम्मेवार र उत्तरदायी बनाईनेछ । साथै वडामा हुने प्रशासनीक खर्चलाई पनि समयानुसार व्यवस्थित गरिनेछ ।

- यस नगरपालिका र मन्त्रालय बिच भएको कार्य सम्पादन सम्झौता बमोजिम कार्यकारी अधिकृत र नगरपालिकाका कर्मचारी बिच कार्य सम्पादन सम्झौता गरी सेवा प्रवाह सरल, सहज एवं मितव्ययी बनाईनेछ ।

- यस नगरपालिकाको प्रशासनीक तथा साङ्गठनिक संरचना र संस्थागत प्रणालीलाई भरपर्दो चुस्त दुरुस्त, विश्वसनीय क्षमतायुक्त र प्रभावकारी तुल्याउन कार्यालयको काममा सहभागिता, जवाफदेहिता, पारदर्शिता, मितव्ययितालाई प्रभावकारी बनाईनेछ ।

- नेपाल सरकारले ल्याएको सामाजिक परिचालन कार्यक्रमका माध्यमद्वारा गठन भएका वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्रहरुको क्षमता विकास गर्न क्षमता अभिबृद्धि गर्ने कार्यक्रमहरु संचालन गरिनेछ ।

- कर्मचारीहरुको योग्यता, क्षमता, अनुभव र पद अनुसार आवश्यक मापदण्ड बनाई, शाखा, इकाई र वडा कार्यालयहरुको कार्यबोझको आधारमा मानवस्रोत परिचालन गरी पारदर्शीरुपमा मापदण्डको निधारण गरी राम्रो काम गर्नेलाई पुरस्कृत र नराम्रो काम गर्नेलाई दण्डीत गर्ने व्यवस्थालाई प्रभावकारी बनाइनेछ ।

- यस नगरपालिकाको आन्तरिक आम्दानी र नगरवासीलाई प्रवाह गर्नुपर्ने सेवा सुविधालाई मध्यनजर गरी नगरपालिकाको संगठनात्मक संरचनामा पुनर्संरचना गर्न संगठन तथा व्यवस्थापन (O&M) सम्बन्धि अध्ययन गरी प्राप्त प्रतिवेदनको आधारमा आवश्यक प्रकृया अगाडी बढाईनेछ ।
- नेपाल सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयद्वारा स्वीकृत दरवन्दी संख्या र पदहरु जम्मा ३३ जना स्वीकृत गर्ने निर्णय भएको र नगर परिषदबाट स्वीकृत समेत भई सकेकोमा आगामी दिनमा नगरवासीहरुलाई १५ वटा वडा कार्यालयहरुबाट तत्काल सेवा सुविधा उपलब्ध गराउन आवश्यक देखिएकोले स्वीकृत देहायको दरवन्दी कम हुने भएकोले संगठन विकास (OD) गर्न मन्त्रालयसंग अनुमति माग भई स्वीकृत समेत भई सकेको सन्दर्भमा ३ महिना भित्र संगठनको ढांचा अनुरुप अद्यावधिक गरी स्तरोन्नती-मिलान गर्ने साथै आवश्यक बजेट विनियोजन गरी प्रकृया अगाडी बढाईनछ ।
- यस नगरपालिका क्षेत्रमा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको सहयोगमा कार्यरत सामाजिक परिचालकहरु ६ जना रहेकोमा आ.ब. ०७४/०७५ देखि स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमलाई निरन्तरता र बजेट विनियोजनको लागी जिल्ला विकास समिति, काठमाडौं, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमलाई अनुरोध गरिनेछ ।

**बस्ती विकास तथा भवन निर्माण नीतिः**

- शहरीकरणलाई व्यवस्थित र सुरक्षित गर्ने उद्देश्यले नेपाल सरकारले कार्यान्वयनमा ल्याएको राष्ट्रिय भवन संहिता, २०६० (National Building Code) लाई यस नगरपालिकामा आ.व. २०७४/०७५ मा प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । साथै यस नगरपालिका भित्र व्यवस्थित भवन निर्माणका लागि यस नगरपालिकाबाट स्वीकृत भवन निर्माण मापदण्ड, २०७२ - दक्षिणकाली नगरपालिका, लागु गरिनेछ ।
- नगरपालिका क्षेत्र भित्र आवासीय, व्यापारीक र औद्योगिक क्षेत्रको पहिचान र वर्गीकरण गरी भू-उपयोग योजना निर्माण गरी लागु गरिनेछ ।
- नगरपालिका क्षेत्र भित्रका सार्वजनिक जग्गाहरुको संरक्षणका लागि लगत राख्ने र सडक र सार्वजनिक जग्गाहरुको लगतकट्टा गर्ने कार्यलाई सम्बन्धित निकायहरुसंग सहकार्य गरी अगाडी बढाईनेछ ।
- नगरपालिकाको स्वामित्वमा रहेको सम्पत्ति तथा अन्य सरकारी सार्वजनिक सम्पदाहरुको उचित संरक्षणलाई निरन्तरता दिइनेछ ।
- राजमार्ग, सहायक राजमार्ग, जिल्ला स्तरीय बाटो बाहेक अन्य नगरस्तरीय सडक तथा सहायक सडकहरुको मापदण्ड निर्धारण नगर यातायात गुरुयोजना मार्फत गरिनेछ ।

**अन्य नीतिहरूः**

- नेपाल सरकारद्धारा गठित स्थानीय तह पुनः संरचना आयोगले गरेको निर्णय यस दक्षिणकाली नगरपालिका नरहने सिफारिस गरेको हुँदा सो विषयमा भौगोलिक आधारमा दक्षिणकाली नगरपालिका यथावत रहन नेपाल सरकार समक्ष पहल गरिनेछ ।
- जनसहभागिता मुलक तथा नतिजामुखी सार्वजनिक सेवा प्रवाहका निम्ति संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट जारी गरिएको कार्य सम्पादन सम्झौता अनुरुप भू-उपयोग कार्यक्रम, भवन आचार संहिता, सडक मापदण्ड, राजश्व परिचालन, पूर्ण साक्षरता, पूर्ण खोप, धूँवा रहित चुलो सम्बन्धि कार्यलाई निरन्तरता दिइनेछ ।
- सार्वजनिक खरिद ऐन, नियम र स्थानीय निकाय आन्तरिक प्रशासन नियमावलीमा भएको व्यवस्था अनुसार प्रोदभावी लेखा प्रणाली (Accrual Accounting System) प्रयोगमा ल्याईनेछ ।
- यस नगरपालिका क्षेत्र भित्र रहेका धार्मिक तथा सांस्कृतिक सम्पदाहरुको संरक्षण र सम्वर्धन गर्न यस नगरपालिकामा रहेको धार्मिक तथा सांस्कृतिक सम्पदा संरक्षण समितिसँग समन्वय गरि सम्पदाहरुको संरक्षण गर्ने नीति लिईएको छ ।
- बढदो शहरीकरण नगर क्षेत्रमा संचालन हुने सवारी साधनलाई व्यवस्थित गर्न बसपार्क, सार्वजनिक शौचालय, सडक बत्तिको व्यवस्थापनका लागी निजी क्षेत्रसँग समन्वय गरी सहकार्य गरिनेछ ।
- सुशासन, जनताको समिपमा सेवा सुविधा, दीगो, गुणस्तरीय र वातावरणमैत्री स्थानीय पूर्वाधार विकास, आर्थिक अवसरमा बृद्धि र त्यसमा जनताको सहज पहुँच तथा सामाजिक सशक्तिकरणलाई विकास प्रयासका प्राथमिकता क्षेत्रको रुपमा लिई वार्षिक कार्यक्रम तर्जुमा गरिनेछ ।

- पर्यटकिय तथा हरित नगरपालिकाको रुपमा विकासका लागी पर्यटकिय स्थलहरु पार्क, भ्युटावरहरु निर्माणमा निजी क्षेत्रहरुलाई प्राथमिकता दिईनेछ साथै धेरै नागरिकहरुको चहलपहल हुने सार्वजनिक स्थलहरुमा सार्वजनिक शौचालयहरु( पि.पि.पि.)अवधारणा अनुसार संचालनमा ल्याईनेछ ।

- नगरलाई पर्यटकीय नगर बनाउन पर्यटन वोर्ड एवं अन्य सरोकारवालाहरूसँग समन्वय गरी पर्यटन प्रवर्द्धनात्मक कार्यक्रम संचालन गरिनेछ ।

- नगर भित्र कार्यरत राष्ट्रिय/अन्तर्राष्ट्रिय, गैर-सरकारी संस्थाहरूसंग आवश्यक समन्वय गरी सामाजिक परिचालन र विकास निर्माणमा सहकार्य गरिनेछ ।

- नगरको मुख्य बजार क्षेत्रमा सडक वत्ति व्यवस्थापन गर्न सौर्य उर्जा प्रविधिका लागि बैकल्पिक उर्जा प्रबर्द्धन केन्द्रको सहकार्यमा चालु आ.ब. भित्रै सडक बत्ति जडान गरिनेछ ।

- लैङ्गिक समविकासको अवधारणालाई जोड दिँदै नगर क्षेत्रभित्रका गैर-सरकारी संघसंस्था, सहकारी संस्था, विद्यालय जस्ता निकायहरुमा रहने कार्यसमिति, संचालक वा व्यवस्थापन समिति तथा नगरपालिकावाट पूर्वाधार तथा सामाजिक क्षेत्रमा गरिने विकास निर्माण कार्यका लागि गठन हुने उपभोक्ता समिति वा निर्माण समितिहरुमा कम्तिमा ३३% महिला सहभागिता रहने नीतिलाई अनिवार्य गरिनेछ ।

- नगर क्षेत्रभित्र स्थायी बसोबास भएका जेष्ठ नागरिकहरुको उचित व्यवस्थापन तथा स्याहारका लागि आवश्यक सहयोग गर्ने नीति लिइनेछ । जेष्ठ नागरिकहरुको उचित सम्मान, सामाजिक पहिचान कायम गर्न र पुनर्स्थापना गर्न आवश्यक कार्य गर्न पहल गरिनेछ ।

- राज्य निर्माणको महत्वपूर्ण जिम्मेवारी वहन गर्न सक्ने युवा वर्गको शिक्षा र स्वास्थ्यसंग सम्बन्धित कार्यक्रमहरु साथै खेलकुद र रोजगारी श्रृजनामा सहयोग गरिने कार्यक्रम युवा मार्फत संचालन गर्नु, युवा नेतृत्व विकास र विकास निर्माणका कार्यमा युवाहरुको सक्रिय सहभागितालाई विशेष प्राथमिकता दिईनेछ ।

- विकास निर्माण कार्य संचालनको पारदर्शीता, प्रभावकारी र दिगोपनाको अनुगमन तथा मूल्यांकन कार्यलाई प्रभावकारी रुपमा अगाडी बढाईनेछ ।

- पशु वधशालालाई बैज्ञानिक र व्यवस्थित ढंगबाट संचालनमा ल्याउन साझेदार खोजी गरी सार्वजनिक, निजी साझेदारी कार्यक्रम संचालन गरिनेछ ।

- नगरपालिका क्षेत्र भित्र आधुनिक र बैज्ञानिक घर नम्वरिङ्ग प्रणाली लागु गरिनेछ ।

- राजस्व दररेटहरुका सम्बन्धमा पुनरावलोकन गरि आ.ब.०७४/०७५ बाट लागु हुने राजस्वका दररेटहरु संसोधन सहित पारित गरी लागु गरिनेछ ।

**आदरणीय महानुभावहरू,**

अव म आगामी आ.व. २०७४/०७५ का लागि अनुमानित आयव्यय विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**अनुमानित आय**

आ.व. ०७४/०७५ को लागि कुल रू. **१२,१२,००,०००।-** (बाह्र करोड बाह्र लाख रूपैयाँ) आय अनुमान गरेको छु ।

**१) आन्तरिक श्रोतबाट** :- रू.२,००,००,०००।- (दुई करोड)

**२) बाहय अनुदान तर्फः-**

क) नेपाल सरकारको पुँजिगत नगरपालिका अनुदान :- रू. ३,२५,००,०००।- (तान करोड पच्चिस लाख)

ख) चालु खर्च अनुदान तर्फ :- रू. ५०,००,०००।- (पचास लाख)

ग) स्थानाेय विकास शुल्क :-रू. १,००,००,०००।- (एक करोड)

घ) सडक बोर्डबाट :- रू. ५०,००,०००।- (पचास लाख)

ङ) राजश्व बाडँफाडँबाट :- रू. ५०,००,०००।- (पचास लाख)

च) सामाजिक सुरक्षा कार्यक्रम :- रू. ३,३८,००,०००।- (तीन करोड अठतिस लाख)

छ) स्थानिय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) बाट :- रू. ५५,००,०००।- (पचपन्न लाख)

ज) मालपोत रजिष्ट्रेशन :- रू. ४४,००,०००।- (चौवालिस लाख)

गरि जम्मा **रू. १२,१२,००,०००।-** (बाह्र करोड बाह्र लाख रूपैयाँ ) अनुमान गरिएको छ ।

**अनुमानित व्ययः**

आ.व. २०७४/०७५ को लागि रू. **१२,१२,००,०००।-** (बाह करोड बाह्र लाख रूपैयाँ ) व्यय अनुमान प्रक्षेपण गरिएको छ ।

१) चालु खर्चतर्फ तलवभत्ता लगायत कार्यालय सञ्चालन, प्रशासनिक खर्च :- रू. २,००,००,०००।- (दुई करोड)

२) स्थानाेय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) :- रू. ५४,००,०००।- (चवन्न लाख)

३) सामाजिक सुरक्षा कार्यक्रम :- रू. ३,३८,००,०००।- (तीन करोड अठतिस लाख)

४) नगरपालिका अनुदान पुँजिगत खर्चतर्फ :- रू.४,४५,००,०००।- (चार करोड पत्तालिस लाख)

५) स्थानीय विकास शुल्क :-रू. ७५,००,०००।- (पच्चत्तर लाख)

६) उपभोक्ता समिति लागत सहभागीता :- रू. १,००,००,०००।- (एक करोड)

गरि जम्मा **रू. १२,१२,००,०००।-** (बाह्र करोड बाह्र लाख रूपैयाँ ) अनुमान गरिएको छ ।

**अन्त्यमा,**

प्रस्तुत बजेट, नीति तथा कार्यक्रम तर्जुमा गर्ने चरणमा प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग पुऱ्याउनु हुने नगर स्थित राजनैतिक दलका पदाधिकारी एवम प्रतिनिधिज्यूहरुको विकास प्रतिको एकता, सम्वेदनशिलता, क्षेत्रगत सूचनाको जानकारी एवम दलहरु बिच रहेको उच्चस्तरीय समन्वय, सहकार्य र सहभागिता हाम्रा लागि अत्यन्त महत्वपूर्ण उपलब्धी हुन आएकाले उहाँहरुप्रति कृतज्ञता प्रकट गर्दै यस कार्यमा प्रत्यक्ष परोक्ष सहयोग पुऱ्याउनु हुने वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्रका सम्पूर्ण पदाधिकारीज्यूहरु लगायत विषयगत कार्यालयहरु, नागरिक समाज, गैर सरकारी संस्था, सामुदायिक तथा निजी क्षेत्रका संघसंस्था, एकिकृत योजना तर्जुमा समितिका सम्पूर्ण सदस्य महानुभावहरु, व्यवसायी, उद्यमी, समाजसेवी, बुद्धिजिवी, सञ्चारकर्मी लगायत सहकर्मी कर्मचारी साथीहरुप्रति हार्दिक धन्यवाद दिन चाहन्छु । पुनः यस नगर परिषदबाट प्रस्तुत नीति तथा कार्यक्रम र बजेटलाई प्रचलित ऐन, कानुनसँग नबाँझिने गरि प्रभावकारी रुपमा कार्यान्वयन गर्न सम्बद्ध सबै पक्षहरुबाट सदाझै निरन्तर सहयोगको अपेक्षा सहित हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नुहुने प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यूहरु, सम्पूर्ण अतिथिज्यूहरु, पत्रकार मित्रहरु र उपस्थित सबै नगरवासी महानुभावहरुप्रति हार्दिक कृतज्ञता प्रकट गर्दै बिदा हुन्छु ।

धन्यवाद ! नमस्कार !!

मिति : २०७३/०९/२८ गते, विहिबार ।

**भुवनहरि अर्याल**
प्रमुख एवं कार्यकारी अधिकृत
दक्षिणकाली नगरपालिका कार्यालय